डोल्पो बुद्ध गाउँपालिका

༄ དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྐྱི་ཁབ་ལྷན་ཁང་།

Dolpo Buddha Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

धो, डोल्पा

कर्णाली प्रदेश, नेपाल

## स्तर वृद्धीका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

सूचना प्रकाशन मितिः २०८२।०४।०७

डोल्पो बुद्ध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धो, डोल्पा २०७३

प्रस्तुत विषयमा कर्णाली प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ (संशोधन सहित) को दफा २६ र दफा २९ तथा कर्णाली प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम २९ बमोजिम स्तर वृद्धीका लागि योग्यता पुगेका कर्मचारीहरुले अनुसूची – १८ बमोजिमको फाराम भरी तपसिल अनुसारको कागजात संलग्न गरी सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८२ साउन १३ गते) भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

१. शुरु नियुक्ति पत्रको प्रतिलिपि
२. सरुवा तथा रमानाको प्रतिलिपि (सरुवा भई आएका कर्मचारीको लागि)
३. समायोजन पत्र (कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुका लागि)
४. बढुवा/तह मिलान/तह वृद्धी भएको भए सो सम्बन्धी पत्रको प्रतिलिपि
५. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
६. पछिल्लो पाँच आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम
७. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम स्तरवृद्धीका लागि अयोग्य नरहेको स्वघोषणा पत्र।

(मनबहादुर थापा)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner